

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ४ गते आइतबार ❑ 17 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निजी क्षेत्रको सहभागितामा उद्यमशीलतालाई प्रोत्साहन गरिन्छ : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निजी क्षेत्रको सहभागितामा उद्यमशीलतालाई एकसाथ प्रोत्साहन गरिने बताउनुभएको छ।

बाह्रखरी मिडियाद्वारा शनिबार पोखरामा आयोजित ' आमन्त्रण गल्फ प्रतियोगिता' का विजयीहरूलाई पुरस्कार प्रदान गर्दै प्रधानमन्त्री दाहालले हजारौँ नयाँ 'स्टार्टअप' र उद्यमशीलता कार्यक्रमसुरु गरिने बताउनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ। "आत्मनिर्भरताको व्यवस्थित प्रयास हुनेछ," प्रधानमन्त्रीले भन्नुभयो, "सुस्त कर्जा प्रवाह, मध्यमवर्गीय उपभोगमा आएको गिरावट र पुँजीगत खर्चको न्यूनता अन्त्य गर्न नीतिगत सुधार गरिनेछ।"




वर्तमान सरकारले देशको हितमा सही कार्य गर्नेछ भन्ने विश्वास दिलाउँदै प्रधानमन्त्रीले सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सरकारको लक्ष्य भएको स्पष्ट पार्नुभयो।

सरकार पुनःगठनसँगै पुँजीबजारमा सकारात्मक परिवर्तन आएको उल्लेख गर्दै प्रधानमनत्रीले वित्तीय अनुशासन, प्रशासनिक खर्चमा मितव्ययिता, उत्पादकत्व वृद्धि र राजस्व चुहावटमा स्थायी नियन्त्रणबाट राष्ट्रको आर्थिक जीवनलाई अझ बलियो बनाउने सरकारको अठोट रहेको बताउनुभयो।

"रोजगारी सृजना र आयात प्रतिस्थापन सरकारका प्राथमिकता हुनेछन्," प्रधानमन्त्रीले भन्नुभयो, "पर्यटनमा अहिले देखिएको सुधारलाई कायम राख्दै पर्यटक सङ्ख्या कम्तीमा दोब्बर बनाउने लक्ष्य लिइनेछ।" उहाँले सार्वजनिक सेवा प्रवाह चुस्त र नागरिकमैत्री बनाउँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता, राज्यका सबै संरचनामा सदाचार र जवाफदेहिता कायम गरिने विश्वास दिलाउनुभयो। अघिल्लो वर्ष ऊर्जा र उत्साहका साथ आफूले कामको थालनी गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले थालेका ती काम पूरा गर्न र गत वर्षको सङ्कल्प पूरा गर्न नयाँ समीकरण गरिएको बताउनुभयो। "गत वर्ष महत्वपूर्ण उपलब्धि प्राप्त भएका छन्," प्रधानमन्त्री दाहालले भन्नुभयो, "तर मेरो सङ्कल्प र हुटहुटीअनुसार ती पर्याप्त छैनन् भन्ने बुझेर नै नयाँ गठबन्धनको निर्णयमा पुगेको छु। सरकार पुनःगठनको प्रारम्भिक चरणमै केही महत्वपूर्ण कामहरू भएका छन्, यसले सरकारको उज्यालो भविष्यलाई नै सङ्केत गर्दछ।"

## पोखरा पर्यटकीय राजधानीका रूपमा घोषणा गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

लामो समयदेखि नै पोखरालाई पर्यटकीय राजधानी मान्दै आए पनि अब भने औपचारिकरूपमै पोखरा पर्यटकीय राजधानी घोषणा गरिने भएको छ।

पोखरा महानगरपालिकाले आइतबार औपचारिक कार्यक्रमका बीच पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने तयारी पूरा भएको शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ। महानगर प्रमुख धनराज आचार्यले २०७५ सालदेखि नै यस विषयमा अध्ययन भइरहेको र पर्यटकीय राजधानी घोषणाका लागि आधारभूत मापदण्ड पोखरासँग भएकाले घोषणा गरेर पोखरालाई अन्तर्राष्ट्रिय जगत्मा 'ब्राण्ड' बनाउन लागिएको बताउनुभयो।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मी बस्नेतले पर्यटकीय सहरलाई राजधानी घोषणासँगै थप विशेषतालाई उजागर गरेर उत्कृष्ट गन्तव्यको पहिचानसहित पोखरा 'ब्राण्डिङ' हुने बताउनुभयो। उहाँले भन्नुभयो, "पर्यटकीय राजधानीको आवश्यक मापदण्ड र प्रक्रियाका विषयलाई पनि ध्यान दिएर घोषणा गर्न लागिएको छ, सबैको साझा सोच र अपनत्वले यो सफल हुनेछ।" प्रदेश सरकार र महानगरपालिकाले संयुक्तरूपमा



यस क्षेत्रमा रहेका अद्वितय पर्यटकीय गन्तव्यका कारण गण्डकी प्रदेशलाई पर्यटनको हब र पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गरी दिगो पर्यटनको विकासमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्राण्डिङ गर्ने दिशामा अगाडि बढेको उहाँको भनाइ थियो। महानगर प्रमुख आचार्यले पर्यटन क्षेत्रको विकासमा पर्यटन प्रवर्द्धनात्मक क्रियाकलाप महत्त्वपूर्ण मानिने र राजधानी घोषणा गर्दा पर्यटन प्रवर्द्धनमार्फत जनताको जीवनस्तरमा गुणात्मक परिवर्तनसहित सुधार, रोजगारी सिर्जना र गरिबी निवारणमा उल्लेखनीय प्रगतिलगायत दिगो पर्यटन विकासमा टेवा पुग्ने बताउनुभयो। प्रमुख आचार्यका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आथित्यतामा सुन्दर फेवातालको किनार बाराहीघाटमा यही आइतबार पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्ने कार्यक्रम रहेको छ। सो अवसरमा लेकसाइडस्थित बसुन्धारा पार्कबाट विभिन्न झाँकीसहितको र्‍याली र प्राकृत पोखराका लेखक वरिष्ठ साहित्यकार, भाषाविद् प्रा डा मुकुन्दशरण उपाध्याय, भूगोलविद् स्वर्गीय डा हर्क गुरुङ मरणोपरान्त सम्मान, सुप्रसिद्ध गायक, सङ्गीतकार तथा साहित्यकार स्व प्रेमप्रकाश मल्ललाई सम्मान गरिने कार्यक्रम राखिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

त्यसैगरी वरिष्ठ गायिका प्राज्ञ हरिदेवी कोइराला, कन्दरा ब्याण्ड मुख्य गायक (भोक लिस्ट) विवेक श्रेष्ठ, गायक प्रमोद खरेल, गायक प्रकाश सपुत, पोखरेली गायक धर्मेन्द्र सेवानका साथै गण्डकी प्रज्ञा प्रतिष्ठान/पोखरा प्रज्ञा प्रतिष्ठानका कलाकारको साङ्गीतिक प्रस्तुति रहने छ।

यसैगरी पोखरालाई पर्यटनको राजधानी घोषणा गरेसंगै


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कांग्रेस अब बलियो प्रतिपक्षः महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांगेस अब संसद्मा बलियो प्रतिपक्षको भूमिकामा रहने बताउनुभएको छ।

नेपाली कांग्रेस कास्कीका कार्यकर्तालाई शनिबार पोखरामा सम्बोधन गर्दै नेता थापाले नेकपा (माओवादी) केन्द्र गठबन्धनबाट बाहिरिए पनि कांग्रेसले दुःख मनाउ नगरेको बताउँदै आगामी २०८४ को निर्वाचन गर्ने जिम्मेवारी कांग्रेसकै काँधमा आउने दाबी गर्नुभयो।"जनताप्रति सरकारलाई जवाफदेही बनाउन कांग्रेसले आफ्नो भूमिका संसद्मा खेल्छ", नेता थापाले भन्नुभयो। सरकारबाट बाहिरि एसँगै कांग्रेसलाई केन्द्रदेखि गाउँ तहसम्म सङ्गठन विस्तार गर्ने मौका मिलेको बताउँदै उहाँले आगामी निर्वाचनमा अन्य सबै पार्टी एक भए पनि कांग्रेस एक्लै प्रतिस्पर्धा गर्नसक्ने पार्टीका रूपमा विकास गर्न सक्ने उहाँको भनाइ थियो। "गठबन्धनको राजनीतिले पार्टी कार्यकर्तामा निराश पैदा भएको महसुस भइरहेकै बेला नेकपा (माओवादी) केन्द्रले विभिन्न



बहानामा गठबन्धन तोड्दा कांग्रेसलाई सङ्गठन विस्तार गर्ने मौका मिलेको छ, अब कांग्रेसभित्रको गुटउपगुट समाप्त पारेर कांग्रेस अगाडि बढ्छ", महामन्त्री थापाले भन्नुभयो। नेपाली कांग्रेस अब विसं २०८२ मा हुने महाधिवेशनको तयारीमा जुट्ने पनि उहाँको भनाइ थियो।

सुन तस्करी प्रकरणमा दोषी देखिएका जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्ने बताउँदै नेता थापाले अनुसन्धानलाई फितलो बनाएर दोषीलाई उम्कने बाटो दिन नहुने उल्लेख गर्नुभयो।

यसै गरी नेपाली कांग्रेसका तर्फबाट निर्वाचित गण्डकी प्रदेश स्थानीय तहका जनप्रतिनिधिलाई जनताको हित र सुशासनको पक्षमा काम गर्न सुझाव दिइएको छ। कांग्रेस गण्डकी प्रदेशले शनिबार पोखरामा अन्तरक्रियामा प्रशिक्षण दिँदै गण्डकी प्रदेश योजना आयोग पूर्वउपाध्यक्ष डा रघुराज काफ्लेले नेपालको संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाएसँगै जिम्मेवाररूपमा पक्षमा काम गर्न सुझाव दिनुभएको हो।

"स्थानीय तहका जनप्रतिनिधिले जनतामा निराशा होइन, आशा सिर्जना गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो, "कानुनले दिएको अधिकार प्रयोग गर्दै जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्तदुरुस्त गर्नुपर्ने दायित्व जनप्रतिनिधिको हो।" फजुल खर्च घटाएर पारदर्शीरूपमा काम गर्न सुझाव दिँदै डा काफ्लेले युवालाई नेपालमा रोक्न उत्पादनशील र रोजगारीका क्षेत्रमा बजेट विनियोजन गर्नसमेत सुझाव दिनुभयो। कांग्रेस महासमिति सदस्य बाबुराम आचार्यले स्थानीय तहका जनप्रतिनिधिले जनताको घरआँगनको सरकार भएकाले राम्रो काम गरेर देखाउन सक्यौँ भने फेरि पनि जनताले मत दिएर विजयी गराउने भएकाले जनताप्रति जिम्मेवार भएर काम गर्न सुझाव दिनुभयो। अझै पनि राजनीतिक दलहरूप्रति जनताको आशा एवं भरोसा रहेकाले जनतालाई केन्द्रविन्दुमा राखेर उनीहरूको सेवामा दिनरात खट्न समेत सुझाव दिनुभयो। नेपाली जनताले विकासभन्दा पनि स्थानीय सरकारले दिने सेवा प्रवाहलाई प्रभावकारी र छिटोछरितो हुनुपर्ने माग बढी भएकाले त्यसतर्फ ध्यान दिन सुझाव दिनुभयो। नेपाली कांग्रेस गण्डकीप्रदेशकासभापतिशुक्रराज शर्माले लोकतन्त्रमा नेपाली जनता नै सर्वेसर्वा भएकाले उनीहरूको सेवक भएर काम गर्न सुझाव दिनुभयो। शर्माको अध्यक्षतामा भएको उक्त अन्तर्क्रियामा कांग्रेसबाट निर्वाचित गण्डकी प्रदेशका ११ जिल्लाका स्थानीय तहका प्रमुख तथा अध्यक्ष र उपप्रमुख तथा उपाध्यक्षको उपस्थित थियो।

## कार्यदलले शीर्ष नेतालाई बुझायो साझा न्यूनतम कार्यक्रम

**रासस**
काठमाडौं, ३ चैत

सरकारको साझा न्यूनतम कार्यक्रम निर्धारण गर्न गठन भएको कार्यदलले गठबन्धन आबद्ध दलका शीर्ष नेतासमक्ष साझा न्यूनतम कार्यक्रम प्रस्तुत गरेको छ।

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसमक्ष साझा न्यूतनम कार्यक्रम प्रस्तुत गरिएको हो।

सत्ता साझेदार दलहरूले सरकारको साझा न्यूनतम कार्यक्रम बनाउन १० सदस्यीय कार्यदल गठन गरेको थियो। कार्यदलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव विष्णु रिमाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट अर्थमन्त्री एवं उपमहासचिव वर्षमान पुन र जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उपसभापति स्वर्णिम वाग्ले र महासचिव मुकुल ढकाल सहभागी हुनुहुन्थ्यो।

कार्यदलमा जनता समाजवादी पार्टी नेपालबाट केन्द्रीय कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठ र मनिष सुमन तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)बाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव घनश्याम भुसाल हुनुहुन्थ्यो। कार्यदलले शुक्रबार साझा न्यूनतम कार्यक्रमलाई पूर्णता दिएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बाह्रखरी गल्फको उपाधि कार्कीलाई

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

शनिबार पोखराको हिमालयन गल्फ कोर्षमा सम्पन्न 'एनसेल बाह्रखरी गल्फ' प्रतियोगिताको सातौं संस्करणको उपाधि अर्जुनकुमार कार्कीले जितेका छन्।

बाह्रखरी मिडियाले वार्षिक रूपमा आयोजना गर्दै आएको प्रतियोगिताको विजेता बनेका कार्कीले सुनको बल उपहार समेत प्राप्त गरे। विजेता खेलाडीहरुलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुरस्कार वितरण गर्नु भएको हो। १८ होलको 'स्टेबल फोर्ड' पद्धतिमा खेलाइएको प्रतियोगिताका विजेता अर्जुनकुमार कार्कीले ३९ अंक जोडेका थिए। आठ ह्यान्डीक्यापमा खेलेका कार्कीले फ्रन्ट नाइनमा २२ अंक जोडेका थिए भने ब्याक नाइनमा १७ अंक



जोडे। यससँगै चार ह्यान्डीक्याप खेल्ने रमेश गुरुङले ३३ अंक जोड्दै बेस्ट ग्रसको उपाधि जिते। बेस्ट ग्रसमा रमेश गुरुङ र टासी छिरिङले समान अंक जोडेका थिए। तर ब्याक नाइनमा रमेशले १६ अंक जोड्दै बेस्ट ग्रसको उपाधि जिते। टासीले ब्याक नाइनमा १४ अंकमात्र जोडे। नोर्बु छिरिङ शेर्पाले मोस्ट बर्डीको उपाधि जितेका छन्। शेर्पाले पाँच बर्डी प्रहार गरेका थिए।

पुरुषतर्फ लिलाजंग गुरुङले दोस्रो स्थान हासिल गरे। गुरुङले ३७ अंक जोडेका थिए। पुरुषतर्फको उपविजेतामा दुई खेलाडीबिच अंक बराबर भएको थियो। तर, काउन्ट ब्याकमा १९ अंक जोड्दै गुरुङले दोस्रो स्थान हासिल गरे। गुरुङसँग अंक बराबर गरेका आयुश मानन्धरले काउन्ट ब्याकमा १७ अंक जोडे। प्रतियोगितामा बलराम थापाले सिनियर ९६० वर्षमाथि० तर्फको उपाधि जिते। उनले ३६ अंक जोडेर सिनियरतर्फको शीर्ष स्थान हासिल गरे।

महिलातर्फको उपाधि सुस्मा सिंहले जितिन्। उनले ३६ अंक जोडेकी थिइन्। उपविजेता बनेकी बालकासी गुरुङले ३० अंक जोडिन्। क्लोजेस्ट टू द पिनको उपाधि संगम केसीले जिते। चौथो होलमा राखिएको 'होल इन वन' को पुरस्कारमा 'बीवाईडी' को 'अट्टो थ्री' गाडी जित्न दुई यार्डले चुकेका थिए। लङ्गेस्ट ड्राइभको उपाधि बानचेन ढुन्डुपले जिते। उनले ३२० यार्ड लामो ड्राइभ प्रहार गरेका थिए।

यस कर्पोरेट गल्फ प्रतियोगिता १८ होलमा 'स्टेबल फोर्ड' पद्धतिमा भए पनि एक होल केही बिग्रिएकाले दुई होल दोहोऱ्याएर खेलिएको गल्फ कोर्षका भुवनसिंह गुरुङले बताए।

# बाटुलेचौरमा सरस्वती, अम्बिका मन्दिर र आत्मज्ञान केन्द्रको पुनर्निर्माणमा

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

पोखराको बाटुलेचौर स्थित अमाली विसौनीमा जीर्ण अवस्थामा रहेको सरस्वती, अम्बिका मन्दिर तथा आत्मज्ञान केन्द्रको पुनर्निर्माण भएको छ।

पुनर्निर्माण गरिएका धार्मिक तथा ऐतिहासिक सम्पदाको शनिबार एक कार्यक्रमका बीच पुर्व मन्त्री कुमार खड्काले उद्घाटन गरे। कार्यक्रममा बोल्दै पुर्व मन्त्री खड्काले आफु नेपाल सरकार र गण्डकी प्रदेश सरकारमा मन्त्री भएको बखत जनताका आवश्यकताहरू लाइ केहि हदसम्म पुरा गरेको बताए। उनले पोखरा १६ पिछडिएको क्षेत्र भएकाले पनि आफ्नो ध्यान यसमा केन्द्रित भएको स्पष्ट पार्दै, विकासमा सबैको सामुहिक भावना हुनुपर्नेमा जोड दिए।

पुनर्निर्माण समितिका अध्यक्ष दिपेन्द्र बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा यस क्षेत्रको विकासमा योगदान पुर्याएको भन्दै समितिले पुर्व मन्त्री खड्कालाई सम्मान गरिएको छ। उनलाई अध्यक्ष दिपेन्द्र बस्नेतले



सम्मान पत्र सहित दोशल्ला ओढायर सम्मान गरे।

कार्यक्रममा समितिमा रहि विशेष योगदान दिने कार्यसमितिका दिनेश बस्नेत, प्रकास खड्का सहित आर्थिक तथा भौतिक सहयोग गर्ने सहयोग दातालाई पुर्व मन्त्री खड्का, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, पुर्व वडाध्यक्ष जीवन आचार्यले सम्मान गरे। कार्यक्रममा टोल विकास संस्थाका अध्यक्ष होम बहादुर खडका, समितिका उपाध्यक्ष पार्वती बस्नेत, सचिव खगेन्द्र थापा लगायतकाले सबैको सहयोगबाट जिर्ण सम्पदाको संरक्षण सहित पुनर्निर्माण गरिएको बताए। पुनर्निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट ५ लाख ७३ हजार र अपुग रकम सहयोग दाताबाट संकलन गरि निर्माण सम्पन्न गरिएको कोषाध्यक्ष राजु थापाले जानकारी दिए।

उक्त कार्यका लागी करिब १६ लाख खर्च भएको बताइएको छ। उक्त धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण तथा व्यवस्थापन स्थानिय टोल विकास संस्था र आमा समुहले गर्ने अध्यक्ष दिपेन्द्र बस्नेतले बताए। पुनर्निर्माण पछि त्यस क्षेत्रमा नियमित पुजा आजा गर्न र नियमित रूपमा प्रवचन गर्न सहज भएको छ।

# सहिद स्मृति विद्यालयलाई अनुदान बढाइन्छ : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहिदका स्मृतिमा स्थापना भएका विद्यालयलाई सरकारले अनुदान बढाउने बताउनुभएको छ।

कास्कीको पोखरा महानगरपालिका-१४ स्थित सहिद स्मृति आवासीय माध्यमिक विद्यालयको अवलोकनपछि आयोजित कार्यक्रममा सम्बोधन गर्दै उहाँले आगामी आर्थिक वर्षदेखि अनुदान थप्ने



प्रतिबद्धता जनाउनुभयो। "सहिद स्मृति प्रतिष्ठानको नेतृत्वमा सञ्चालित देशका पाँचवटै सहिद स्मृति विद्यालय सञ्चालन राज्यले नै गर्नेगरी नयाँ मोडलको खोजी भइरहेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "अनुदान दयही वर्षदेखि बढ्ने विश्वास तपाईंहरूलाई दिलाउन चाहन्छु। उहाँले सहिद स्मृति विद्यालयहरू नमूनाका रूपमा स्थापित भएकामा खुसी व्यक्त गर्नुभयो।सोअवसरमाप्रधानमन्त्रीले विद्यालयको अवस्थाबारे जानकारी लिनुभएको थियो। विभिन्न कार्यक्रममा सहभागी हुन शनिबार पोखरा आउनुभएका उहाँ बाह्रखरी गल्फ प्रतियोगिताको समापन समारोहमा पनि सरिक हुनुभयो। उहाँले प्रतियोगिताका विजेतालाई पुरस्कार प्रदान गर्नुभएको थियो।

# बुद्ध विशाल बजारको रक्तदान कार्यक्रममा ६४ युनिट रगत सकंलन

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले दशौ पटक आयोजना गरेको रक्तदान कार्यक्रममा ६४ युनिट रगत संकलन भएको छ।

कार्यक्रममा गण्डकी प्रदेशकी सभासद सरस्वती गुरूङले पहिलो रक्तदाता बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सल्लाहकार माधब सिग्देललाई ब्लड ब्याग हस्तान्त्रण गरी कार्यक्रम उद्धघाटन गरेकी थिइन्।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेश सभासद सरस्वती गुरूङले सवैभन्दा ठुलो दान रक्तदान कार्यक्रम आयोजना गरेकोमा एशोसियसनलाई धन्यवाद दिदै आफ्नो तर्फबाट एशोसियसनलाई के कस्तो सयोग तथा सल्लाहको आवश्यकता पर्छ परेमा आफ्नो तर्फबाट सयोग गर्ने प्रतिवद्धता प्रकट गरेकी थिईन्।

रक्तदान कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका निर्वतमान अध्यक्ष तथा मानार्थ सदस्य



केशव बहादुर खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले यो वर्ष आफ्नो रजत महोत्सवको अवसर पारेर विभिन्न कार्यक्रमहरू गरिरहेको बताउदै रगत पैसा तिरेर पनि पाँईदैन, पसलमा किन्न पनि पाइँदैन, बेलैमा रगत नपाएमा मान्छेको जीवन जोखिममा पर्ने बताउदै खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले सामाजिक उत्ररदायित्व बहन गर्दै दशौ पटक यो रक्तदान कार्यक्रम आयोजना गरीएको बताए। कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका सल्लाहकार माधव सिग्देल, कस्मेटिक व्यवसायी संघकी अध्यक्ष दुर्गा बराल फेन्सी तथा रेडिमेड व्यवसायी संघका अध्यक्ष एकनारायण पनेरू लगाएतले बोलेका थिए।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष बुद्दि बहादुर कुंवरले स्वागत मन्तव्य राखेका थिए भने सचिव तथा कार्यक्रम संयोजक थमनसिह गुरूङले कार्यक्रम सन्चालन गरेका थिए।

कार्यक्रममा रक्त संचार केन्द्र पोखराका वरिष्ठ प्राविधिक महेन्द्र केसीको टोलिले बिशेष सयोग गरेको थियो।

# पोखरा...

आइतबारदेखि राति १ बजेसम्म अधिकांश व्यवसाय गर्न पाइने छ भने केही व्यवसायलाई २४ सै घण्टा खुल्ला गर्ने निर्णय भएको छ। जिल्ला प्रशासन कार्यालय कास्कीमा आज बसेको जिल्ला सुरक्षा समितिको बैठकले उक्त निर्णय गरेको कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनुभयो। हाल बेलुका दश बजेसम्म खुल्ला गरिएको विभिन्न व्यवसायलाई समय सिमा राति १ बजेसम्म र केही निस्चित मापदण्ड पुरा गरेका केही व्यवसायलाई भने २४ सै घण्टा खुल्ला गर्न अनुमति दिने प्रमुख जिल्ला अधिकारी घिमिरेले जनाउनु भयो। गण्डकी प्रदेशको राजधानि पोखराका केही शहर क्षेत्रबाट यसको सुरुवात हुने आवश्यकता र स्थानियको माग अनुसार क्षेत्राधिकार बढाउदै लैजाने आफुहरुसंग योजना रहेको उहाँले जनाउनुभयो।

आवश्यक मापदण्डका आधारमा मात्र पोखराका केही क्षेत्रमा २४ सै घण्टा खुल्ला हुने अन्य व्यवसायहरु भने राति १ बजेसम्म संचालन गर्न पाउने भएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगा बहादुर क्षत्रीले बताउनु भयो। खाना, खाजा, पान पसल देखि किराना पसलहरुको लागि राति १ बजेको समय सिमा निर्धारण गरिएको छ। दोहोरी, डिस्को, डान्स, पप लगायतका मनोरन्जन व्यवसायको लागि रात भरी निश्चित मापदण्ड आन्तरिक सुरक्षा व्यवस्था, धोनी प्रदुषण रहित हो हल्ला गर्न नपाइने, सिसि क्यामरा जडान, स्मोकिङ जोन छुट्याउने लगायतका आधारमा खुल्ला हुने भएको सहायक प्रमुख जिल्ला अधिकारी क्षत्रीले बताउनुभयो। गैराको चौतारा देखि चिप्लेढुंगा, महेन्द्रपुल,पृथ्वीचोक, नागढुंगा, मुस्ताङचोक, विरौटा, राष्ट्रबैंकचोक,ड्यामसाइड,लेकसाइड हुँदै हल्लनचोकसम्म २४ सै घण्टा खुला राख्ने निर्णय भएको उहाँले जनाउनु भयो। पर्यटनको राजधानी घोषणासंगै पोखरामा २४ सै घण्टा खोल्ने निर्णयले आफुहरुलाई थप उत्साहित बनाएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। कोभिडले प्रभावित पोखराको पर्यटन क्षेत्रलाई पर्यटनको राजधानि घोषणा सहित २४ सै घण्टा खुल्ला रहन पाउनुले यहाँको आर्थिक कृयाकलाप सहित पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने उहाँले जनाउनुभयो।

# माओवादी र समाजवादी पार्टी एक हुँदै

रासस
काठमाडौं, ३ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टी (नेसपा) बीच एकता गर्ने सहमति भएको छ। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा केन्द्र र समाजवादी पार्टी केन्द्रीय समितिको एकता संयोजन समितिको बैठकले उक्त निर्णय गरेको हो।


नेपाल समाजवादी पार्टीका महासचिव रमेशप्रसाद यादव र नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले बैठकपछि संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्तिअनुसार एकीकृत पार्टीको नयाँ नामका सन्दर्भमा आगामी महाधिवेशनमा टुङ्गो लगाउने निर्णय भएको छ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# उपभोक्ता अदालत स्थापनामा विलम्ब नगर

मानवअधिकारका विषय सरकारसँग मात्र सिमित छैन । उपभोक्ताका अधिकार मानवअधिकार हो । जनताको मौलिक अधिकार हो । सरकारले भन्दा धेरै भाग निजी क्षेत्रले ओगटेको छ । राज्यको भूमिका कम नीजि क्षेत्रको भूमिका धेरै छानागरिकका अधिकार होस या उपभोक्ताको अधिकार सुनिश्चित नीजि क्षेत्रले गर्नुपर्छ।राज्यले कानुन बनाएर उपभोक्ताको अधिकारको कार्यान्वयन हुने वातावरण बनाउनुपर्छ । नीजि क्षेत्रले उपभोक्ताका अधिकार भन्दा सस्तो विज्ञापन गरेर भुलाउने गरेका छन् । अब मानवअधिकारको कुरा उपभोक्ताको अधिकारको विषय सबैले बनाउनु पर्छ उपभोक्ता अधिकार मानवअधिकार भएको हुँदा उपभोक्ताले न्याय नपाउने अवस्था बढ्दै गएको छासरकार भन्दा निजी क्षेत्र हावी भएको बेला न्यायालयको ढोका ढक्ढक्याउनु पर्छाउपभोक्ता संरक्षण ऐनमा उपभोक्ता अदालत सम्बन्धि व्यवस्था भएको छाउपभोक्ता अधिकारकर्मीहरुले उठाएको सवाल र सर्वोच्च अदालतमा मुद्दा दायर गरेकोले सर्वोच्च अदालतले तत्काल उपभोक्ता अदालत स्थापना गर्न परमादेश भएको छासरकारले उपभोक्ता अदालत स्थापना सरकारबाट गठन भएको समितिमा उपभोक्ता हित संरक्षण मंच सदस्य रहेको छा उपभोक्ताको चाहना सुलभ र शिघ्र न्याय पाउने छात्यसको लागि उपभोक्ता अदालत स्थापना भएमा सबैलाई सचेत बनाउँछ ।

विश्वविद्यालय र कलेजमा मात्र पढाई हुने उपभोक्ता अधिकारका कुरा व्यवहारमा आउन सकेका थिएनन् । एकेडेमिक बौद्धिक बहसका कुरालाई सन् १९६२ मार्च १५ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीको 'कस्टमर बिल अफ राइट्स' अमेरिकी सिनेटमा पारित भएपछि विश्वमा उपभोक्ता अधिकारले मान्यता पायो । यद्यपि विकसित मुलुकले मात्र उपभोक्ता अधिकारको सम्मान गरेका र अविकसित र विकासोन्मुख मुलुकले नस्वीकार्दा १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसङ्घले अनुबन्ध नै पारित गरी सदस्य राष्ट्रलाई दबाब दियो । तत्पश्चात् राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रले उपभोक्ताका हितमा ऐन नियम बनाएर लागू गरे । यसै क्रममा नेपालमा पनि २०५४ सालमा उपभोक्ता संरक्षण ऐन जारी भई लागू भयो । हाल उक्त उपभोक्ता संरक्षण ऐन मौलिक कानुनका रूपमा संशोधन र परिमार्जन भई लागू भएको छ । विश्वमा मार्च १५ मा विश्व उपभोक्ता अधिकार दिवस मनाउने चलन छ । नेपालमा पनि राष्ट्रिय नारासहित दिवस मनाइएका समाचार प्रकाशित , प्रसारित भएका छन्।उपभोक्ताका संवैधानिक र कानुनी अधिकारका बारेमा पैरवी पनि भएको छ । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैं सचेत हुनुपर्दछ ।

दोस्रो, उपभोक्तालाई सचेत र जागरूक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा विक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् । चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ । यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ ।

मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् ।संघ,प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य छैन । संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर सकृयता देखाएमा उपभोक्ताको हितमा सरकारले काम गरेको छ भन्ने अनुभूति हुनेछ । संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाव |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नयाँ प्रविधिले अस्पतालको फोहर व्यवस्थापनमा सहज

पोखरापत्र संवाददाता
पर्वत, ३ चैत

दैनिकजसो जोखिमयुक्त फोहर जलाउँदा दुर्गन्ध फैलिएपछि पर्वत अस्पतालमा नयाँ प्रविधिबाट फोहर व्यवस्थापन गर्न थालिएको छ ।

जोखिमयुक्त फोहर जलाउँदा धुँवाले दुर्गन्ध फैलिने, कन्टेनरमार्फत डम्पिङसाइडसम्म लैजाँदा बजार क्षेत्रमा सङ्क्रमण फैलिनेजस्ता समस्या भएपछि नयाँ मेसिन भित्र्याएर व्यवस्थापन गर्न थालिएको हो । अहिले अस्पतालको फोहर 'अटो क्लेप्स' मेसिनमार्फत नष्ट गर्न थालिएको छ । दैनिकजसो सयौँ बिरामी उपचारका लागि आउने अस्पतालमा फोहरको मात्रा समेत अत्यधिक हुने गरेपछि नयाँ प्रविधि भित्र्याएर अस्पताल भित्रै व्यवस्थापन गर्न थालिएको पर्वत अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शङ्कर गिरीले जानकारी दिनुभयो । विसं २०४६ मा अस्पताल स्थापना भएदेखि नै जोखिमयुक्त फोहर व्यवस्थापन गर्दा 'जलाउने विधि' रहेकोमा अहिले 'अटो क्लेप्स' मेसिनमार्फत व्यवस्थापन गर्न थालेपछिसङ्क्रमणफैलिनेर दुर्गन्ध फैलिने दुवै समस्या हटेको उहाँले बताउनुभयो । फोहर जलाउँदा निस्केको धुवाँले अस्पतालमा उपचारका लागि आएका बिरामी मात्र हैन आसपासको बस्तीका बासिन्दालाई पनि प्रत्यक्ष असर गर्ने गरेको थियो । स्वास्थ्य संस्थाबाटनै उत्सर्जन भएको धुवाँले वातावरण प्रदूषित बनाउँदै स्थानीयलाई समेत असर गरेपछि अस्पतालमा जोडिएको 'अटो क्लेप्स' उपकरणले धुवाँ विस्थापन गरेको अध्यक्ष गिरीले बताउनुभयो । अस्पतालले रु १० लाखको लागतमा उपकरण जडान गरिएपछि फोहर व्यवस्थापनमा सहज भएको हो ।

बस्तीभरि दुर्गन्ध फैलिएपछि स्थानीयवासीले आन्दोलननै गरेका थिए । धुवाँका कारण समुदाय नै दुर्गन्धित बनेको, बस्तीमा बस्न नै कठिन भएकोलगायतका समस्या भएपछि प्रदेश सरकारबाट आएको बजेटबाट अस्पताल व्यवस्थापन समितिमार्फत अटो क्लेप्स मेसिन जडान गरिएको हो । सोही उपकरणबाट फोहरलाई निर्मलीकरण गर्न थालेपछि जलाउनुर्पने बाध्यताको अन्त्य भएको अध्यक्ष गिरीले बताउनुभयो । नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने कीटाणु, रसायन वा अन्य पदार्थको सम्पर्कमा रहेको फोहरलाई नगरपालिकाको फोहर व्यवस्थापन गर्ने सवारीमा सिधै राख्दा उक्त रसायन, पदार्थ, कीटाणु हावा र पानीमा फैलने जोखिम समेत रहेको थियो । यस्तो फोहरले धेरैलाई सङ्क्रमित गर्ने वा स्वास्थ्यमा हानी पुऱ्याउन सक्ने भएकोले अस्पताल परिसरमा नै खाडल बनाएर सोही खाडलमा जलाउने गरिएकामा अहिले स्वास्थ्यमा असर नगर्ने खालका फोहर पदार्थ मात्रै नगरपालिकाको सवारीले उठाउने गरेको छ ।

पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बास्तोलाले फोहरको वर्गीकरण गरेर जोखिम बहन गरेका फोहरलाई सुरक्षित तवरले अस्पतालमै नष्ट गरिने र सामान्य खालका फोहरलाई नगरपालिकाको सवारीमा पठाउने गरिएको बताउनुभयो । फोहरलाई 'अटो क्लेप्स' मेशिनमा राखेपछि कम्तीमा पनि एक सय २२ डिग्री सेल्सियस तापक्रम कायम हुने गरी हानिकारक पदार्थलाई निष्क्रिय गरिदिन्छ ।

यसरी निर्मलीकरण गरिएको फोहर निकालेर सुकेपछि मात्रै नगरपालिकाको सवारीलाई दिने गरिएको उहाँको भनाइ छ । अस्पताल परिसरभित्रै व्यवस्थित फोहर व्यवस्थापन कक्ष स्थापना गरेर वाष्पीकरण विधिबाट सबै कीटाणु र जीवाणुलाई नष्ट गरिएकाले अहिले स्वास्थ्यकर्मी, बिरामी र समुदाय तथा आम नागरिकलाई पनि स्वस्थ रहन मद्दत गरेको डा बास्तोलाले बताउनुभयो ।

# बुबा आमाको स्मृतिमा छोरीद्वारा पहारी कुल समितिमा अक्षय कोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत



पोखरा महानगरपालिका वडा न ६ बैदाममा अवस्थित पहारी कुल संरक्षण समिति कास्कीमा रु पाँच लाखको अक्षयकोष स्थापना गरिएको छ ।

पोखरा ६ बैदाम निवासी स्व दण्डपाणी र स्व जमुना पहारीको स्मृतिमा उहाँका छोरीहरु पोखरा महानगर पालिका वडा २२ पुम्दी निवासी खरीका पहारी बराल, पोखरा महानगर पालिका वडा १७ छोरेपाटन निवासी सेतुदेवी पहारी आर्चाय र पोखरा महानगर पालिका वडा १९ पुरुनचौर निवासी डिलमाया पहारी पौडेलले संयुक्त रुपमा अक्षयकोष स्थापना गर्नुभएको हो ।

शुक्रबार एक कार्यक्रमको आयोजना गरी छोरीहरुले नगद पाँच लाखसमितिका अध्यक्ष जगत बहादुर पहारीलाई हस्तान्तरण गर्नुभयो । अक्षयकोष दाताहरुले बुबा आमाको नामा सहयोग गर्ने पाउँदा खुशि लागेको बताउनुभएकोथियो।कोषकोरकम लक्षित परिवारका सदस्यहरुलाई सहयोगी बन्नेमा विश्वास व्यक्त गर्नुभयो । समितिका निबर्तमान अध्यक्ष गोविन्दराज पहारीले लक्षित बर्गका परिवारजनहरुमा भैइपरिआउने विपत्तिका समस्याहरुलाई समाधान गरि, पठनपाठनमा सहयोग पुगेमात्र कोषको सार्थकता पूरा हुने बताउनुभयो ।

आर्थिक स्तर कमजोर भएका पहारी भाइबन्धुहरुको आर्थिक स्तरमा सहयोग पुऱ्याउने उद्देश्यले निवर्तमान अध्यक्ष गोविन्दराज पहारीले ६ बर्ष अगाडी स्थापना गर्नु भएको पहारी कुल संरक्षण समितिमा हाल सम्म कोषमा ४३ लाख रुपैया जम्मा भएको कोषाअध्यक्ष प्रेमराज पहारीले जानकारी दिनुभयो । प्राकृतिक बिपत्ति सहित आर्थिक अभावमा विद्यालय जान नपाएका वा नियमित नभएका बाबु नानीहरुको पठन पाठनमा समितिले अक्षय कोषको प्राप्त ब्याज बाट सहयोग गर्दै आएको छ । अध्यक्ष जगत बहादुर पहारीले कोषको रकम सदुपयोग गर्दै लक्षित बर्गका परिवार जनहरमा पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो ।

# तनहुँ डढेलोको जोखिममा, सचेतनाका कार्यक्रम सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, ३ चैत

तनहुँ डढेलोको जोखिममा रहेपछि डिभिजन वन कार्यालयले सचेतनामूलक कार्यक्रमलाई अगाडि बढाएको छ । गर्मी मौसम सुरु भएसँगै जिल्लाका सामुदायिक वनमा डढेलोको समस्या देखिन थालेको छ ।

हिउँदेयाम सुरु भएपछि जिल्लाका वनमा डढेलो लाग्ने समस्या भएकाले कार्यालयले सचेतनामूलक कार्यलाई जोड दिएको सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यमा सामुदायिक वन उपभोक्ता समितिसँग पनि सहकार्य गरिएको छ । पण्डितले भन्नुभयो, "आगलागीको मौसम सुरु भइसकेको छ, यो बेला वनमा आगलागीको जोखिम हुन्छ, यसका लागि सचेतना अपनाउनुपर्छ ।" डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाम्रा अवस्थाको वनमा डढेलो लागेमा रुख धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको बासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने तथा वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिममा रहने पण्डितको भनाइ छ । वन डढेलो सबैको साझा चुनौती भएकाले सबैको सहकार्यबाट मात्र यसको नियन्त्रण सम्भव रहेको पण्डितले बताउनुभयो । पण्डितका अनुसार वन डढेलो हुन नदिन वनमा अग्निरेखा बनाइ रुखका पात भर्ने समयमा सफा गर्ने, वनजङ्गल बाहिर लगेर मात्र गोल पोल्ने, आगो बल्ने चिज लिएर वनमा नजाने, सुकेका र ढलेका रुख तथा हाङ्गा सुख्खा मौसमअगावै हटाउने गर्नुपर्दछ । गर्मी मौसममा बिडी, चुरोट खाएर ननिभाएर वनमा फाल्नाले, वन्यजन्तु भगाउन आगो लगाउनाले, नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलोको प्रकोप बढ्न सक्छ । पण्डितले भन्नुभयो, "गोठाला तथा केटाकेटीले मनोरञ्जनका लागि वनमा आगो बाल्नाले, वन नजिकका खेतबारीमा झारपात डढाउँदा आगो बाल्ने र ननिभाउने गर्नाले पनि आगलागीका घटना हुन सक्छन्, यसतर्फ सचेत हुनुपर्छ ।" वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम दफा ४९ को खण्ड (घ) अन्तर्गत राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुलउपर गरी तीन वर्ष कैद वा रु ६० हजारसम्म जरिवाना हुने वा दुवै सजाय हुने प्रावधान छ । वन डढेलो लागेको देखेमा निभाउने कार्य गरी जिम्मेवारी नागरिकको भूमिका खेल्न वन कार्यालयले आग्रह गरेको छ । वन डढेलोले कम्तीमा १० प्रतिशत तापक्रम बढाउने बताइएको छ । डिभिजन वन कार्यालयले जिल्लाका आठवटै सबडिभिजनलाई वन डढेलो सचेतना कार्यक्रम सञ्चालन गर्न भनिसकेको छ । सप्ताहव्यापीरूपमा वन कार्यालयको कार्यक्षेत्रमा रहेका सामुदायिक वन समूहसँग समन्वय गरी चेतनामूलक कार्यक्रम र सडक किनारमा रहेका सामुदायिक वनका पातपतिङ्गर सरसफाइ गरी आगो नियन्त्रणलगायतका अन्य वन डढेलो नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । डढेलो लाग्ने १८ जिल्लामध्ये तनहुँ पनि उच्च जोखिममा पर्दछ । डढेलोको जोखिम कम गर्न कार्यालयले सचेतनामूलक कार्यक्रमलाई पनि सँगसँगै अगाडि बढाउँदै आइरहेको छ । जिल्लाको ८२ हजार पाँच सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका १० स्थानीय तहमा छ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, छ धार्मिक वन छन् ।

# ट्रान्स हिमालय एडभेन्चर चैत १९ देखि




पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

ट्रान्स हिमालय एडभेन्चरको पहिलो संस्करण चैतको १९ गतेदेखि सुरु हुने भएको छ ।

नेपाल अटोमोबाईल एसोसियसनको मोटरसाईकल र टुरिड कमिसनको संयुक्त आयोजनामा हुने कार्यक्रम चैतको १९ देखि २३ गतेसम्म सञ्चालन हुने भएको हो । नेपाललाई विश्वकै मोटरस्पोर्ट्सको गन्तव्य बनाउने अभियानमा सहयोग पुर्याउने उद्देश्यले आयोजना हुने कार्यक्रममा काठमाडौँदेखि पोखरा, जोमसोम, पोखरासम्म मोटरसाईकल टुरिङ ऱ्याली हुनेछ । कार्यक्रमको दौरान बन्दीपुर, पोखरा, घान्द्रुक, वाग्लुङ, तातोपानी, रुप्से, भरना, लेते कागबेनी, मार्फा, धुम्बाताल, जोमसोम, मुक्तिनाथ, लुम्ले र कुस्माको फोटोग्राफी, भिडियोग्राफी सहित सेफ्टी राईडिङ सम्बन्धित जनचेतना मुलक कार्यक्रम समेत हुनेछ । जोमसोममा मोटोखाना रेसिड, सेल्फी च्यालेञ्ज तथा सेफ राईडङ र ट्यालेन्ट हन्ट सम्बन्धि विभिन्न क्रियाकलाप हुने आयोजना नासा नेपालले जनाएको छ । राष्ट्रिय खेलकद परिषद् र अन्तर ष्ट्रिय मोटरसाइकल फेडेरेसनको सहयोग तथा गण्डकी अटोमोबाईल्स एसोसिएसनको प्राविधिक सहयोगमा हुने कार्यक्रममा पोखरामा हुने मोटो इन्डुरो च्याम्पियनसिपमा आएर समापन हुनेछ । कार्यक्रम संयोजक अनिलकुमार बरालले ट्रान्स हिमालय एडभेन्चरले नेपाली खेलकुद तथा पर्यटनमा छुट्टै पहिचान बनाउने बताउनुभयो । उहाँले भन्नुभयो, राष्ट्रिय खेलकुद परिषद्ले नेपालको साहसीक तथा पर्वतीय खेलकुदमा लिएको चासो दिगो खेल पर्यटनको आधार बन्ने विश्वास देखिएको छ ।

# अरण्यज्योति पुस्तकालयको २८औं साधरण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत



अरण्यज्योति पुस्तकालयको २८ औं साधरण सभा शनिवार सम्पन्न भएको छ ।

पोखरा म.न.पा १३ का वडाध्यक्ष किरण बरालले ज्येष्ठ नागरिक समाजसेवी चन्द्रप्रसाद गुरुङलाई सहभागी गराई विरुवामा करुवाले पानी राखी कार्यक्रमको उद्घाटन गरेका थिए । उक्त कार्यक्रममा पुस्तकालयका उपाध्यक्ष गम बहादुरले स्वागत मन्तव्य राखेका थिए । यस पुस्तकालयलाई जीवन्तता राख्न धेरै अग्रजहरुले खेलेको भूमिकालाई स्मरण गर्दै आफ्नो कार्यकालमा गरेका प्रयासहरु बताउदै पुस्तकालयको महत्वबारे पूर्व अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए ।

उक्त कार्यक्रममा समाजसेवी शकुन्तला गुरुङ, लालबहादुर नेपाली, निलकण्ठ सिग्देल लगायतले पुस्तकालयको महत्व विगतदेखि हालसम्म पनि उत्तिकै रहेको बताउदै यसलाई वर्तमान पुस्तासँग जोड्न सबै सक्रिय रुपले लाग्नुपर्ने बताए ।

पुस्तकालयका अध्यक्ष युदराज पगेनीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सह-सचिले आफ्नो रचना प्रस्तुत गरेका थिए भने प्रमुख अतिथि किरण बरालले गत आर्थिक वर्ष बजेट अभाव भएकोमा यस वर्ष पुस्तकालयको विकासमा जोड दिने जानकारी दिदैं यसको समग्र विकासमा आफु निरन्तर लागि पर्ने बताए भने कार्यक्रमको सञ्चालन पुस्तकालयका सचिव किशन भण्डारीले गरेका थिए । वि.स. २००९ सालमा स्थापना भएको पुस्तकालय पोखरा महानगरपालिका वडा न. १३ रहेको छ ।

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ गण्डकी प्रदेशको चौथो साधारणसभा तथा दोश्रो अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

नेपाल सुनचाँदी ब्यवसायी महासंघ गण्डकी प्रदेशको चौथो साधारणसभा तथा दोश्रो अधिवेशन सभापति चन्द्र किशोर गौतमको सभापतित्व र नेपाल सुनचाँदी ब्यवसायी महासंघका निवर्तमान अध्यक्ष मोहन कुमार बिश्वकर्माको प्रमुख आतित्थ्यमा शनिबार सम्पन्न भयो।



कार्यक्रममा गण्डकीका ९ जिल्ला मध्य सर्वोत्कृष्ट लमजुङ सुनचाँदी ब्यवसायी संघलाई नगद ५ हजार ५ सया पचपन्न एवं सम्मान पत्र र अध्यक्षलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । त्यसैगरी पर्वत जिल्ला समन्वय प्रमुखमा बिष्णुराम बिश्वकर्मालाई सम्मान गरिएको थियो । सोही क्रममा तनहुँ सुनचाँदी संघका अध्यक्ष बिनोद कुमार बिकले लेखेको पुस्तक सुनचाँदी ब्यवसायमा समस्या र चुनौति प्रमुख अतिथिले बिमोचन गर्नुभएको थियो । प्रमुख अतिथि मोहान कुमार बिश्वकर्माले सुनचाँदी ब्यवसायमा थुप्रै समस्या छन । तिनको निराकरण गर्दै लानको लागि प्रदेश स्थापना गरिएको हो । अब आवश्यक सबै काम कार्वाही प्रदेशबाट गर्नका लागि सशक्त जुझारु समितिको आबश्यकता छ यसमा तपाईंहरु सफल हुनुहुनेछ। ब्यबसायी हकहितका लागि हामीले निर्देशिका बनायौ । सबै तयारी गरेका थियौं नयाँ कार्य समितिले ३ बर्ष सम्म प्रयास नै गरेन । सुनको कोटा बृद्दि पनि हुन सकेन। केन्द्र व्यवस्थापन र साना ब्यवसायीका लागि सदस्यता र प्यानका आधारमा सुन बितरण गर्ने कुरा लागू गर्न नै दिईएन। ती सबै कुरा लागू गर्न महासंघको आगामी चैत्र २३ र २४ गते हुने अधिवेशनमा रोलक्रममा रहेका साथीहरू निर्वाचित भई गर्नु हुनेछ भन्ने पुर्ण बिस्वास छ भन्नुभयो।

कार्यक्रममा उपाध्यक्ष निर्मल बिश्वकर्माले प्रदेश स्थापनामा मेरो भुमिका पनि छ अरु प्रदेशको तुलनामा गण्डकी प्रदेशको कार्य अग्र स्थानमा छ सबैलाई समेटेर अझै अगाडि बढेर लाग्न अनुरोध गर्दछु भन्नुभयो। कार्यक्रममा सम्मानित ब्यक्तित्वका तर्फबाट बिष्णुराम बिश्वकर्माले सुनचाँदी का यावत समस्या समाधान गर्न एकताको आबश्यकता छ। सबै एक भइ राज्यलाई ठुलो धक्का दिनुपर्छ तब मात्रै समस्या समाधान हनसक्छ म सधै तपाईंहरु सँगै हुनेछु भन्नुभयो । गण्डकी प्रदेश सभा सदस्य नन्दकला नेपालीले सुनचाँदी ब्यबसायीका समस्या नजिकबाट हेरिरहेको छु । यसमा मैले प्रदेश सरकारबाट गर्न सकिने सबै काममा सहयोग गर्ने बिस्वास दिलाउन चाहन्छु। कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले सुनचाँदीका तमाम समस्या प्रदेश सभापतिले हाम्रा कार्यक्रममा राख्दै आउनु भएको छ। राज्य एकलौटी ढंगले लागेको छ आर्थिक मन्दी छ। हामी सबै ब्यबसायी एकभई अगाडि बढ्नुको बिकल्प छैन भन्नुभयो । उपाध्यक्ष दुर्गा बहादुर सुनार, सचिव एवम् नवलपुर समन्वय प्रमुख बाबुराम बिश्वकर्मा, महासंघका सदस्य निर्मल दियाली, जिल्ला अध्यक्षको तर्फबाट कास्कीका वा अध्यक्ष भविन्द्र बिश्वकर्माले बोल्नु भएको थियो।

अधिवेशनले चन्द्र किशोर गौतमको सभापतिमा १४ सदस्यीय प्रदेश कार्य समिति चयन गरेको छ । उपसभापतिद्वय कृष्ण बहादुर बिश्वकर्मा र रविन बिश्वकर्मा, सचिव मन बहादुर लामगादे, सह सचिव पर्व बिश्वकर्मा, कोषाध्यक्षमा पुर्ण बहादुर बिश्वकर्मा, सहकोषाध्यक्ष शान्त सुनारलाई चयन गरेको छ । कार्यक्रममा सभापति चन्द्र किशोर गौतमले ३ बर्ष केही काम गरेर प्रदेशको जग बसाल्ने मौका दिनुभएकोमा समस्त ब्यवसायिका हक अधिकार स्थापित गर्न लाग्ने बताउनु भयो । मुस्कान सहितको ब्यबसायी र समृद्ध ब्यवसाय बनाउन सबैको सहयोग रहने छ उहाँले भन्नुभयो। कार्यक्रम संचालन सचिव रविन बिश्वकर्माले गर्नुभएको थियो समापन उपसभापति जीवन कुमार बिश्वकर्माले गर्नुभएको थियो।

# नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रुपामा सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रुपा गाउँपालिकाको पाँचौं गाउँ परिषद् तथा तेस्रो अधिवेशन जयराम सुवेदीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ।



नयाँ कार्यसमितिको खुला उपाध्यक्षमा प्रकाश सुवेदी, महिला उपाध्यक्षमा सङ्गीता आचार्य र सचिवमा सुनिल सुवेदी निर्वाचित भए । यसै गरी कोषाध्यक्षमा केदार रेग्मी, सहसचिवमा तारा पौडेल, सह कोषाध्यक्षमा सुस्मा सिग्देल न्यौपाने निर्वाचित भएका छन् । अधिवेशनले कार्यसमिति सदस्यहरू र जिल्ला अधिवेशन प्रतिनिधि समेत निर्वाचित गरेको निर्वाचन मण्डलका संयोजक तीर्थराज ढकालले जानकारी दिए।

कार्यक्रमको उद्घाटन समारोहमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, गण्डकी प्रदेशका अध्यक्ष रोमहर्षण पौडेलले शिक्षकलाई राज्यले सम्मानपूर्ण व्यवहार गर्नुपर्ने र शिक्षकले आफ्नो कर्तव्यपालनामा कठिवद्ध भएर लाग्नुपर्ने बताए । उनले अगाडि भने, "राज्यले शिक्षा र शिक्षकलाई केन्द्रमा राख्नुपर्यो, शिक्षकले विद्यार्थीलाई केन्द्रमा राखेर कर्तव्य पालना गर्न तयार छौं । हामी डराएर होइन, जिम्मेवार बनेर राज्यसँग सहकार्य गर्न हात फैलाएका छौं, यसलाई राज्यले कमजोरी नसोच्दा नै शिक्षाको विकास हुन्छ।"

विशेष अतिथि पेसागत महासंघ नेपाल, कास्कीका अध्यक्ष जगन्नाथ अधिकारीले शिक्षकहरु अपडेट हुन नसक्दा आउटडेट हुनसक्ने अवस्था समेत आउन सक्ने भएकाले शिक्षकहरु हरेक पल सिक्न पनि जागरुक हुनुपर्ने बताए । नेपाल राष्ट्रिय शिक्षक सङ्गठन गण्डकीका सदस्य उमनाथ गौतम, कास्कीका उपाध्यक्ष बसन्धरा पौडेल, हर्कबहादुर लामिछाने, सचिव तीर्थराज ढकाल, सचिवालय सदस्य दामोदर तिमिल्सिना, नेकपा एमाले रुपा गाउँपालिका अध्यक्ष निलकण्ठ रेग्मीसमेतले भनाइ राखेका थिए।

सोही कार्यक्रममा गतवर्ष शिक्षक सेवा आयोगबाट स्थायी नियुक्ती लिई रुपा गाउँपालिकामा पदस्थापन भएका शिक्षकहरु, पालिका भित्रका नवनियुक्त प्रधानाध्यापकहरु एवम् लामो समय शिक्षा सेवा गर्दै भर्खरै सेवा निवृत्त शिक्षकहरु साथै संगठनका नवनिर्वाचित गण्डकी प्रदेश अध्यक्ष रोमहर्षण पौडेल सहित कोषाध्यक्ष बोधराज पौडेल र सदस्य उमनाथ गौतमलाई सम्मान गरिएको थियो।

परिषद् भेलाले अध्यक्षको साङ्गठनिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सुझावसहित पारित गरेको छ। नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, अन्नपूर्ण गाउँपालिका सचिव जयराम सुवेदीको सञ्चालन र अध्यक्ष चुमान सिं गुरुङको अध्यक्षतामा कार्यक्रम भएको थियो।

# पोखरा लनर्स एकेडेमीको साहित्यिक फेस्टिवल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

पोखरा ७ माछापुच्छे टोलस्थित पोखरा लर्नर्स एकेडेमीले शिक्षाको गुणस्तर सुधार गर्ने भन्दै साहित्यिक फेस्टिवल सुरु गरेको छ। विगतमा काठमाडौं विश्वविद्यलयसँग सहकार्य सम्झौता गरेको विद्यालयले नयाँ शैक्षिक सत्रलाई केन्द्रमा राखेर पठन संस्कृतीसमेत चलाउने सम्झौता गरको छ।

सम्झौता गरेसँगै पोखरा लर्नर्स एकेडेमीका प्रिन्सिपल विधान गौतमले पोखराको शैक्षिक यात्रालाई थप सहज, सरल र आधुनिक अनुसन्धानको पद्दतिलाई पच्छ्याउँदै विद्यालय, विद्यार्थी र अभिभावकको भविष्यलाई ध्यान दिएको उल्लेख गरे । विद्यार्थीको सिकाईको स्तरलाई आधुनिकता थप्दै सक्षम, समाज प्रति उत्तरदायि र रोजगारमुखी शिक्षा आजको आवश्यकता बुझेको पोखरा लर्नर्स एकेडेमीले नवोदय शिशु सदन इङ्लिस सेकेन्डरी स्कुलसँग बुक रिडिङ कल्चर सुरु गर्ने जनाएको हो । शिक्षण शैलीलाई परिवर्तन गर्ने मुख्य उद्देश्य रहेको सम्झौताले शिक्षकहरुको सिकाई सहयोग कार्यक्रम वृद्धि गर्न पहल गर्ने, विद्यालय र अभिभावकको आवश्यकतालाई विश्लेष्ण गर्ने, पाठ्यक्रमको ढाँचा तय गर्ने, पाठ्यक्रमको मूल्यांकन गर्ने, नेतृत्व क्षमता बृद्धि गर्ने, अधुरा कार्य योजना सम्पन्न गर्ने, विद्यालयको मिसन र भिजनलाई लागु गराउन पहल गर्ने, विद्यार्थीको सिर्जनात्मकतालाई ध्यान दिने विद्यालयका प्रिन्सिपल विधान गौतमको भनाई छ । विद्यालयका संस्थापक अभिभावक ईश्वरबन्धु गौतमको अध्यक्षतामा भएको सभामा अर्ली चाईल्डहुड एजुकेसन मन्टेश्वरी स्कुलका संस्थापक साल्भी बास्तोलाले विद्यालयको प्रगति भन्दा पनि विद्यार्थीको सिकाई प्रविधि आधुनिक हुनु पर्ने बताइन् । मन्टेश्वरी एसोसिएसन कास्कीको प्रमुख सल्लाहकार रहेकी वास्तोलाले स्कुल लेभलमा यस्तो सम्झौता पोखरामा पहिलो कदम चालेको भन्दै स्कुललाई धन्यवाद दिएकी थिइन् । शिक्षक अजिता पाण्डेले सञ्चालन गरेको कार्यक्रममा नवोदय स्कुलका फाउन्डर अभ्युक्त खनालले जुममार्फत अभिभावकलाई पठन सस्कृतिको बारेमा जानकारी दिएका थिए। किताव पढ्ने कला सिकाउने, विद्यार्थीलाई स्पस्टसँग सिक्ने वातावरण दिलाउने, शिक्षकलाई समयानुकुल तालिम प्रदान गर्ने, अभिभावकलाई आधुनिक शिक्षा पद्दतिमा निखारता ल्याउने, बुक रिडिङ कल्चरलाई देश व्यापी अभियानमा लैजाने लगायत धारणा राखेका थिए । उल्लेख्य अभिभावकको उपस्थिति रहेको कार्यक्रममा अभिभावक रिगेन्द्र गिरीले महिनामा १ पटक फि तिर्नमात्र नआई हरेक विषयमा चासो राख्न अनुरोध गरे । उनले पोखरा लनर्स एकेडेमीको कमजोरी पत्ता लगाउन नसकेको बताउँदै आफ्नो २ सन्तानलाई विद्यालयको भरमा छोडेको उल्लेख गरे । कार्यक्रममा नर्सरीदेखि कक्षा ३ सम्मका साना विद्यार्थीहरुको प्रस्तुतीले अभिभावलाई मनोरञ्जन दिलाएको थियो।

# रैथाने बाली संरक्षण गर्दै कृषि ज्ञान केन्द्र

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ चैत

आधुनिक प्रविधिको विकास र बसाइँसराइको कारण बागलुङमा रैथाने बाली संरक्षणमा चुनौती बढेको छ । एक दशक अगाडिसम्म बागलुङको ग्रामीण क्षेत्रमा खेती हुने कोदो, सिमी, फापर, जौँ, उवालगायतका खाद्य बाली पछिल्लो समय निकै कम हुने गरेको छ । खेती कम हुन थालेसँगै उत्पादन पनि घटेको छ।

किसानलाई रैथाने बाली खेतीतर्फ आकर्षित गर्नका लागि कृषि ज्ञान केन्द्रले कृषकलाई प्रोत्साहन गर्न थालेको छ । किसानलाई नयाँ प्रविधिसँग जोड्ने र पुराना खेतीलाई पनि संरक्षण गर्ने गरी कार्यक्रम सञ्चालन गर्दै आएको छ। रैथाने बालीले बजार र उत्पादनअनुसारको मूल्य नपाउँदा किसान मर्कामा पर्दै आएका थिए। उन्नत जातका खाद्य बाली फस्टाउन थालेपछि कृषकले पनि रैथाने बाली खेती गर्न छोड्दै गएका हुन्। परम्परागत बाली गाउँको पाखो बारीमा उत्पादन हुने गर्थे । तर पछिल्लो समय ती बाली उत्पादन हुने बारी वनमाराले ढपक्क ढाकिएका छन् । खेती भइरहेका बारीमा पनि फलफूललगायत अन्य नगदेबाली लगाइएको छ। स्वादिष्ट र स्वास्थ्यका लागि फाइदाजनक पुरानो बाली संरक्षण बजारीकरणका लागि कृषि ज्ञान केन्द्रले बजेट विनयोजन गरेको छ । विगत वर्षहरुमा कृषकलाई परम्परागत बालीलाई उत्पादन गर्नका लागि बिउलगायत आवश्यक सहयोग गरेको ज्ञान केन्द्रले यस वर्ष प्याकेजिङ र बजारीकरण गरी दिने कृषि ज्ञान केन्द्रका सूचना अधिकारी कुमार पुन मगरले जानकारी दिनुभयो । यसका लागि ज्ञान केन्द्रले रु १२ विनियोजन गरेको छ । सुरुआती चरणमा रैथाने बाली उत्पादनका लागि रु आठ लाख र बजारीकरणका लागि रु चार लाख बजेट छुट्याएको छ। ग्रामीण क्षेत्रबाट बजार झर्ने बढेपछि रैथाने बाली संरक्षण गर्न नसकिएको सूचना अधिकारी पुन मगर बताउनुहुन्छ। "रैथाने बाली संरक्षणका लागि ज्ञान केन्द्रले कृषकलाई आकर्षित गर्ने खालको कार्यक्रम ल्याएको छ, पहिलाको जस्तो उत्पादन हुन छोडेको छ, गत वर्ष कोदोमा समस्या देखियो, त्यही भएर किसान निरास भए, धेरैजसो अहिले नगदेबालीतर्फ लागे, धेरै मेहनत गर्न नपर्ने खेती गर्न थाले", उहाँले भन्नुभयो, "किसानले उत्पादन गर्ने वस्तलाई प्याकेजिङ र बजारीकरणका लागि सहयोग गर्ने, कोदो, फापरको पीठो प्याकेजिङ गरेर बजारमा ल्याउने योजना बनाएका छौं, यसले किसानलाई राहज पुग्ने अपेक्षा छ।" काठेखोला गाउँपालिका-८ लेखानीका चानसिंह श्रीसले कोदोको बिस्कुट उत्पाद गर्न थाल्नुभएको छ। गाउँमै उत्पादन हुने रैथाने बाली कोदोलाई ब्राण्डिङ गरी बिस्कुट बनाएर बजारमा ल्याइ राख्नुभएको छ। तर कोदो खेती धेरैले गर्न छोडेपछि पाउन मुस्किल पर्ने बताउनुभयो। बजारमा कोदोको बिस्कुटको माग बढ्दै गएको भन्दै पीड व्यवस्थापनमा समस्या पर्ने उहाँको भनाइ छ। गाउँका किसानले कोदोको सट्टा अन्य बाली खेती गर्दा कोदो नपाइने स्थिति आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कोदोको बिस्कुट उत्पादन गरेर बजारमा ल्याएपछि माग निकै बढेको छ, देशको धेरै ठाउँबाट माग आएको छ, तर पुर्‍याउन सकिएको छैन, पहिला कोदो, फापर, जौँ प्रसस्त लगाउने गर्थे र त्यही खाने गर्थे, तर अहिले धेरैले खेती गर्न छोडे, खेती गर्नेले पनि कोदो रोप्दैनन्, अन्य बाली लगाउँछन् ।" बागलुङमा १८ हजार ४५६ हेक्टर क्षेत्रफलमा कोदो खेती हुँदै आएको ज्ञान केन्द्रले जनाएको छ। हरेक वर्ष २३ हजार ४५६ मेट्रिक टन कोदो उत्पादन हुने गरेकोमा पछिल्लो समय घट्दै गएको छ । ज्ञान केन्द्रका अनुसार बागलुङमा अहिले ८५ हेक्टरमा क्षेत्रफलमा फापरको खेती हुने गरेको छ । हरेक वर्ष १२० मेट्रिक टन फापर उत्पादन हुने गरेको तथ्याङ्क छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०७ अन्नपूर्ण टोलको पानी निकासका गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अन्नपूर्ण टोलको पानी निकास
ठेगानाः पोखरा-०७, अन्नपूर्ण टोल
योजना सम्झौता मितिः २०८०/१०/०५ गते
योजना शुरु मितिः २०८०/१०/०८ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/२४ गते
योजनाको कुल लागतः रू ११,००,०००/-
महानगरपालिकाबाटः रू ११,००,०००/-
उपभोक्ता समितिबाटः रू १,२२,२७३.६६/-
जम्मा खर्चः रू १२,२२,२७३.६६ /-
उपभोक्ता समितिका पदाधिकारी :
अध्यक्षः निरकुमारी पोखेल पौडेल  सचिवः वेगम गौतम
कोषाध्यक्षः अनिता कार्की
अनुगमन समितिः
संयोजक : पदम पोखेल
सदस्यः केशव थापा,  याम कुमारी पोखेल

**अन्नपूर्ण टोलको पानी निकास उपभोक्ता समिति**
**पोखरा-०७, अन्नपूर्ण टोल**


# चार दशकपछि शुक्लाफाँटामा घडियाल पुनःस्थापन

**रासस**
काठमाडौं, ३ चैत

कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा चार दशकपछि घडियाल पुनःस्थापन गरिएको छ । चितवन राष्ट्रिय निकुञ्जको घडियाल प्रजनन केन्द्रबाट ल्याइएका तीन भाले र २२ पोथी घडियाल आज एक कार्यक्रमकाबीच शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रको चौधरी नदीमा छाडिएको हो।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले सन् १९९० अघि चौधर नदीमा घडियाल रहे पनि त्यसपछि लोप भएका बताउनुभयो । सङ्कटापन अवस्थामा रहेको घडियाल गोहीको वैकल्पिक बासस्थानका रूपमा पहिचान भएकाले चितवनबाट यहाँ ल्याएर पहिलो चरणमा पुनःस्थापन गरिएको जानकारी दिनुभयो। "बासस्थापनको पहिचान भएकाले विस्तृत अध्ययनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कात्तिकमा निर्णय गर्दै वरिष्ठ इकोलोष्टि श्यामकुमार साहको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेर चौधर नदी क्षेत्रको १९.०३ किलोमिटर क्षेत्र सर्वेक्षण गरेको थियो", प्रमुख संरक्षण अधिकृत भट्टराईले भन्नुभयो, "सो प्रतिवेदनका आधारमा वन मन्त्रालयले यहाँ गोही चरणबद्धरूपमा छाडने निर्णय गरेको हो।"

घडियाल गोही स्वच्छ बगेको पानीमा पाइने, आहाराका रूपमा साना माछा मात्र खाने र सामान्यतया मानिसलाई असर नगर्ने संरक्षित लोपोन्मुख घस्रिने प्रजाति हो । यसअघि चितवन राष्ट्रिय निकुञ्जबाट यहाँ एकसिङ्गे गैँडासमेत स्थानान्तरण गरिएको थियो भने चितवनबाट एक हात्ती पनि यहाँ ल्याइएको निकुञ्जले जनाएको छ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**गण्डकी प्रदेश प्रहरी गण**
**पार्दी, पोखरा**

## सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**सूचना नं.** GAN/POKHARA-080/81/REG/02
**प्रकाशित मिति : २०८०/१२/०४ गते, आइतबार**

**यस गण्डकी प्रदेश प्रहरी गण परिसरभित्र रहेको गण प्रमुखको निवास आ.व. २०८०/०८१ मा** Renovation of SP Quarter **निर्माण कार्यको लागि सिलबन्दी बोलपत्रको माध्यमद्वारा यस गणको सूचना नं.** GAN/POKHARA-080/81/REG/01 **मिति २०८०/१०/२१ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रलाई स्वीकृतका लागि छनोट गरिएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधनसहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ आशयपत्र जारी भएको सूचना प्रकाशित गरिएको छ ।**

**विस्तृत जानकारीका लागि यस गणको आर्थिक प्रशासन शाखा वा टेलिफोन नं. ०६१-४६३४२६,** CUG **९८५६०९०१६० मा सम्पर्क गर्न हुन अनुरोध छ ।**